# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/१०/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------------

काठमाण्डौं जिल्ला स्यूचटार गा.वि.स.वडा नं. ८(ख), कित्ता नं ९० क्षेत्रफल १-५-०-० प्रमाणित नभएको जग्गा केही व्यक्तिहरु र मालपोत कार्यालय, कलंकीका कर्मचारीहरु समेतको मिलेमतोमा नक्कली दस्तखत र नक्कली छाप लगाई दर्ता प्रमाणित गरी बिक्री वितरण समेत गरेकोले जग्गा रोक्का राखी दोषीलाई कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुंदा मालपोत कार्यालय कलंकीका तत्कालीन शाखा अधिकृत शिव प्रसाद रिमालले सक्कल जग्गाधनी दर्ता श्रेष्तामा गैरकानूनी तवरले अक्षरहरु थप्ने र श्रेष्ताको सहिछाप र मिति महलमा नक्कली छाप लगाउने समेतको कार्य गरी केरमेट, थपघट र हेरफेर गर्ने समेतको कार्य गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको देखिएको हुंदा निज राष्ट्रसेवक मालपोत अधिकृत शिव प्रसाद रिमाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कसूरको मात्रा अनुसार कैद र जरिवाना सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

(जीवराज कोइराला)

सह-सचिव एवं प्रवक्ता